आज मिति २०७७।१०।०७ गते शुक्रबारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निमबहादुर के.सी.ज्यूको अध्यक्षतामा दार्मा पालिका, गाउँकार्यपालिकाको वैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा वसि तपसिलका प्रस्तावहरूमा छलफल गरि देहायबमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थिति :

| | | |
|---|---|---|
| १. | श्री निमबहादुर के.सी. | अध्यक्ष |
| २. | श्री टीका शर्मा वली | उपाध्यक्ष |
| ३. | श्री अमृत खड्का | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ४. | श्री कविकुमार चन्द | सदस्य |
| ५. | श्री डिल्लीबहादुर के.सी. | सदस्य |
| ६. | श्री सेतिराम रोकाहा | सदस्य |
| ७. | श्री चन्द्रबहादुर रावत | सदस्य |
| ८. | श्री रामबहादुर के सी | सदस्य |
| ९. | श्री दुर्गाबहादुर मल्ल | सदस्य |
| १०. | श्री सन्ताराम कामी | सदस्य |
| ११. | श्री अमृता कामी | सदस्य |
| १२. | श्री मञ्जु शाही | सदस्य |
| १३. | श्री जुना मल्ल चन्द | सदस्य |
| १४. | श्री देवी खत्री | सदस्य |
| १५. | श्री धनीराम नेपाली | सदस्य |
| १६. | राजकुमार वली | रोजगार संयोजक |

**प्रस्तावहरु**

१) गाउँसभा बोलाउने सम्वन्धमा ।

२) औधोगिक ग्रामको जग्गा प्राप्तिको लागि सूचना प्रकाशन गर्ने सम्बन्धमा ।

३) उद्यमीसँग उपाध्यक्ष (लक्षित वर्गको कार्यक्रम ) कार्यक्रम संचालन गर्न सूचना प्रकाशन सम्बन्धमा ।

४) बजेट रकमान्तर सम्बन्धमा ।

**निर्णय नं. १- प्रस्ताव नं. १** "गाउँसभा बोलाउने सम्बन्धमा" छलफल गर्दा दार्मा गाउँपालिकाको आठौं गाँउसभा मिति २०७७।१०।२६ गते सोमबार बोलाउने निर्णय गरियो ।

**निर्णय नं. २ - प्रस्ताव नं. २** "औधोगिक ग्रामको लागि जग्गा प्राप्तिको लागि सूचना प्रकाशन गर्ने सम्बन्धमा" मा छलफल गर्दा औधोगिक ग्रामको लागि करिब सार्वजिक जग्गा सहित ४० रोपनी जग्गा आवश्यक भएकोले पुर्वमा झाक्रीसल्ला पश्चिममा खल्टाकुरी उत्तरमा रिठेखोला र दक्षिणमा नौमारे चार किल्ला भित्र रहेको कम्तिमा ५ रोपनी दर्ता श्रेस्ता भएको जग्गा दान दिन इच्छुक जग्गा धनीबाट प्राप्त गर्नको लागि १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३- प्रस्ताव नं. ३** "उद्यमीसँग उपाध्यक्ष कार्यक्रम (लक्षित वर्गको) कार्यक्रम सूचना प्रकाशन सम्बन्धमा" छलफल गर्दा उद्यमीसँग उपाध्यक्ष कार्यक्रम अन्तर्गत सिप विकास तालिम प्रविधि हस्तान्तरण समेत कार्यान्वयन गर्नको कार्यालयमा उपलब्ध जनशक्ति नभएको हुँदा परामर्श सेवाबाट खरिद सम्झौता गरी कार्यान्वयन गर्न सिप विकास तालिम संचालन गर्न इच्छुक सेवा प्रदायक संघ संस्था, फर्म,कम्पनिबाट तपसिल अनुसारका तालिम संचालन गर्नको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

तपसिल

१. होटल व्यवस्थापन तालिम १८ जना

२. कमप्यूटर / मोबाइल रिपेरिङ तालिम १८

३. वेतवासबाट तालिम १२

४. प्लम्बर तालिम १२

५. कृषि उद्यम व्यवसाय (मसला प्रसोधन) तालिम ६

६. ड्राइभिङ तालिम ३०

७. बेकरी तालिम १२ जना

**निर्णय नं. ४- प्रस्ताव नं. ४** "बजेट रकमान्तर सम्बन्धमा" छलफल गर्दा तपसिल बमोजिमको चालु कार्यक्रम शिर्षक अन्तर्गतका शिर्षकबाट पुजीगत योजना र चालु कार्यक्रमका शिर्षकमा बजेट रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल

| स्विकृत योजना/ कार्यक्रम | योजना | रकमान्तर |
|---|---|---|

| चालु कार्यक्रम | | गरिएको बजेट |
|---|---|---|
| उद्यमीसँग उपाध्यक्ष कार्यक्रम लक्षित वर्गको कार्यक्रम (दलित,जनजाती,महिला तथा अन्य कार्यक्रम | कोभिड १९ लक्षित होटल व्यवस्थापन सिप विकास तालिम | २४०,०००। |
| | दलित लक्षित रोजगार सृजनाको लागि आरण सुधार कार्यक्रम (सिप विकास तालिम समेत ) | २३५०००। |
| | मागमा आधारित दलित विशेष कार्यक्रम | ४०००००। |
| | दलित, महिला, बालबालिका सम्बन्धी दिवसीय कार्यक्रम | १२५००० |
| जम्मा | | १००००००। |
| रेविज,पि.पि.आर.,एच.एस.बि.क्यु. भ्याक्सिन खरिद तथा भ्याक्सिनेटरको पारिश्रमिक (पशु सेवा विकास कार्यक्रम) | साझेदारीमा आधारित एक स्थानीय तह एक एक पशुपक्षिं उत्पादन कार्यक्रम सम्बन्धमा | २००००० |
| भैसीपालन प्रोत्साहन कार्यक्रम (पशु सेवा विकास कार्यक्रम) | | ३००००० |
| पशुपंक्षी बिमा अभिकर्ता करार पारिश्रिमक (पशुपंक्षी विकास कार्यक्रम | | ७०००० |
| | | ५२०,००० |
| | ल्याव सेवाको लागि स्याम्पल लिन सामग्री व्यवस्थापन | ५०,०००। |
| जम्मा | | ६२०,०००। |